नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८

फागुन, २०७८

## १. पृष्ठभूमि

नेपालमा नवीकरणीय ऊर्जाको राम्रो सम्भावना रहेको छ । नवीकरणीय ऊर्जाका मुख्य स्रोतहरुमा लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जाका विभिन्न प्रकार, बायोग्यास, वायु ऊर्जा आदि रहेका छन् । नेपालमा नवीकरणीय ऊर्जाको प्रशस्त सम्भावना भए तापनि कूल ऊर्जा खपतको ६८ प्रतिशत परम्परागत जैविक ऊर्जाबाट पूर्ति भइरहेको छ भने करीब ७ प्रतिशत जनसंख्यामा विद्युत पहुँच पुग्न सकिरहेको छैन । न्यून आय भई ग्रामीण क्षेत्रमा बसोबास गरिरहेको बहुसंख्यक जनताहरुको नवीकरणीय ऊर्जाको मागलाई पूरा नगर्ने हो भने उनीहरुको जिवनस्तरमा उल्लेखनीय रुपमा सुधार ल्याउन सम्भव छैन ।

देशको भौगोलिक जटिलता र उच्च लागतको कारणले गर्दा आगामी धेरै वर्षसम्म पनि दुर्गम ग्रामीण स्थानहरुमा राष्ट्रिय प्रसारण लाइन विस्तार गर्न सम्भव देखिंदैन । तसर्थ नवीकरणीय ऊर्जा प्रविधि जस्ता स्वच्छ र दिगो ऊर्जालाई तत्कालीन तथा दिर्घकालीन समाधानको रुपमा विकास गर्नुपर्ने देखिन्छ । स्वच्छ ऊर्जाको पहुँच वृद्धि गर्न ग्रामीण क्षेत्रमा बस्ने जनताहरुको आर्थिक कठिनाई र नवीकरणीय ऊर्जा प्रविधिको उच्च लागतको कारणले अनुदान र सरल कर्जाको सुविधा उपलब्ध गराउन आवश्यक देखिन्छ ।

## २. विगतका प्रयास

नेपाल सरकारले सरकारले विभिन्न विकास साझेदारहरु, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुको सहयोगमा विगत दुई दशकभन्दा बढी समयदेखि नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन तथा विकासको लागि आवश्यक सहयोग उपलब्ध गराउँदै आइरहेको छ । यस किसिमको प्रयासबाट देशमा नवीकरणीय ऊर्जाको विकासमा भएका महत्वपूर्ण उपलब्धीहरु फलदायी भएका छन् । नेपाल सरकार तथा विकास साझेदारहरुले ग्रामीण क्षेत्रमा ऊर्जाको पहुँच वृद्धि गर्न घरायसी खपत तथा उत्पादनशील परिप्रयोगको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आइरहेका छन् ।

## ३. विद्यमान अवस्था

हालसम्म लघु तथा साना जलविद्युत आयोजनाबाट करिब ३४ मेगावाट, सौर्य तथा वायु ऊर्जाबाट करिब ३८ मेगावाट विद्युत उत्पादन भएको छ । त्यसैगरी नवीकरणीय ऊर्जाका विभिन्न स्रोत र प्रविधिहरुको प्रयोग गरी खाना पकाउने, बत्ती बाल्ने, कृषिजन्य उत्पादन प्रशोधन गर्ने तथा उत्पादनशील परिप्रयोगबाट लघु, साना तथा मझौला उद्योगहरु सञ्चालन गर्ने जस्ता सेवाबाट समग्र रुपमा छत्तिस लाख भन्दा बढी घरपरिवारहरु लाभान्वित भएका छन् ।

नेपाल सरकार र विभिन्न विकास साझेदारहरुले स्वच्छ ऊर्जाको पहुँचमा वृद्धि गर्न आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउँदै आइरहेका छन् । नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ ले नवीकरणीय ऊर्जा प्रविधिहरुको लागतमा कमी ल्याउने, गुणस्तर सुनिश्चित गर्ने र प्रविधिप्रति उपभोक्ताको विश्वास बढाउने कुरामा सहयोग पुराउदै आएको छ । तर अझै पनि दुर्गम ग्रामीण क्षेत्रमा वसोवास गरिरहेका गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको ठूलो हिस्सा नवीकरणीय ऊर्जा प्रविधिको शुरुको लागत धेरै भएको कारणले आधारभूत ऊर्जाको पहुँचबाट बाहिर रहेका छन् ।

## ४. प्रमुख समस्या र चुनौतिहरु

नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ ले नवीकरणीय ऊर्जा प्रविधिहरुको सफलतापूर्वक बजारको विकास गरे तापनि थुप्रै चुनौतिहरुका कारण पर्याप्त मात्रामा यस्ता प्रविधिहरुमा व्यावसायिक रुपमा लगानी परिचालन हुन सकिरहेको छैन । ऊर्जाको पहुँचबाट बञ्चित ग्रामीण जनताको आवश्यकता पूरा गर्न सार्वजनिक तथा निजी लगानी आवश्यक पर्दछ । नवीकरणीय ऊर्जा प्रविधिहरुमा सरकारको अनुदानले गर्दा प्रभावकारी रुपमा निजी क्षेत्रको लगानी तथा व्यावसायिक कर्जा अपेक्षित रुपमा परिचालन हुन सकिरहेको देखिदैन । आपसी लाभको आधारमा नवीकरणीय ऊर्जाको क्षेत्रमा लगानी आकर्षित गर्न हालसम्म प्रदान गरिदै आएको अनुदान बाधक बनेको स्पष्ट देखिन आएको छ । नविकरणीय ऊर्जा उत्पादनका लागि त्यसको न्यून उपयोगको अवस्था तथा व्यवसायीहरुले समयमै अनुदान पाउन नसक्नु पनि थप चूनौति बनेको छ । विद्यमान नीति कार्यान्वयनका देहाय बमोजिमका समस्या र चुनौति रहेका छनः–

(क) अनुदानमा रहेको उच्च निर्भरता र कर्जा न्यून परिचालनले गर्दा नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन अपेक्षाकृत रुपमा हुन सकिरहेको छैन । सामुदायिक विद्युतीकरण आयोजनाहरुका लागि वित्तीय व्यवस्थापनले धेरै समय लिने गरेको छ । समुदायले अनुदान बाहेक आवश्यक पर्ने स्रोत वित्तीय संस्थाहरुबाट लिनको सट्टा अन्य स्रोतहरुबाट थप अनुदानकै अपेक्षा गरिरहेको कारणले समयमै आयोजनाहरु सञ्चालन हुन ढिलाई भएको छ ।

(ख) निजी क्षेत्रका लगानीकर्ता तथा सेवा प्रदायकहरुको अनुदानमा पहुँचको नीतिगत व्यवधानले गर्दा उनीहरुको लगानी, व्यवस्थापकीय क्षमता र प्रविधिको विस्तारमा कमी आएको छ ।

(ग) नवीकरणीय ऊर्जा क्षेत्रमा परामर्शदाता, उत्पादनकर्ता, कम्पनी तथा ठेकदारको पूर्वयोग्यताको सरलीकरणले गर्दा प्रतिस्पर्धामा कमी आएको कारणले उच्च लागत, प्रविधि एवं प्राविधिक गुणस्तरमा सुधारमा कमी आएको छ ।

(घ) साना तथा लघु जलविद्युत् आयोजनाहरुको प्लान्ट फ्याक्टर (Plant factor) बढाई ग्रामीण जीविकोपार्जनमा सुधार ल्याउन ऊर्जाको परिप्रयोगको व्यापक प्रवर्द्धन गर्न आवश्यक रहेको छ ।

(ङ) प्रमाणीकरण, अनुगमन, गुणस्तरको सुनिश्चितता तथा गुणस्तर परीक्षण जस्ता कार्यहरुले धेरै आर्थिक भार पर्ने र काममा समेत ढिलाई ल्याउने हुनाले यसलाई व्यवस्थित गर्नु पर्ने आवश्यकता रहेको छ ।

(च) ग्रामीण क्षेत्रमा ऊर्जाको महशुल नवीकरणीय ऊर्जा आयोजनाको शुरुको लगानी उठाउन प्रयाप्त छैन । महशुलले कर्जाको न्यून भुक्तानी गर्न र सञ्चालन तथा साधारण मर्मत सम्भार गर्न मात्र पुग्ने देखिन्छ ।

## ५. नीति परिमार्जनको आवश्यकता

नवीकरणीय ऊर्जा क्षेत्रको विकासलाई व्यापकता दिन, अति गरिब परिवारलाई नवीकरणीय ऊर्जा प्रविधि प्रयोग गर्नका लागि प्रेरित गर्न, अनुदानका दर र कर्जालाई समय सापेक्ष परिमार्जन गर्न र निजी तथा वित्तीय क्षेत्रहरुलाई नवीकरणीय ऊर्जा क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी विशेष गरी ग्रामीण क्षेत्रमा उच्च गुणस्तरीय सेवा प्रवाहमा जोड दिनको लागि हाल विद्यमान नीतिबाट सम्भव नभएकोले

उक्त नीति  परिमार्जन गरी नयाँ नीति निर्माण गर्नु आवश्यक रहको छ । नयाँ नीतिले दीर्घकालीन रुपमा विस्तारै अनुदानलाई कर्जाले प्रतिस्थापित गर्न जोड दिएको छ । साथै नवीकरणीय ऊर्जा प्रविधिको थप विस्तार र संयुक्त राष्ट्रसंघले अनुसरण गरेको “दिगो विकासका लक्ष्य” र “सवैको लागि दिगो ऊर्जा” सम्वन्धी उद्देश्यहरु प्राप्तिको लागि समेत जोड दिएको छ ।

## ६. दीर्घकालीन लक्ष्य

सन् २०३० सम्म सवै जनतालाई स्वच्छ, भरपर्दो र सर्वसुलभ रुपमा नवीकरणीय ऊर्जा उपलव्ध गराउने ।

## ७. उद्देश्य

परम्परागत र आयातित ऊर्जा माथिको परनिर्भरतालाई कम गर्न नवीकरणीय ऊर्जाको पहुँचमा वृद्धि गरी विशेषगरी ग्रामीण क्षेत्रका जनताहरुको जिवनस्तरमा सुधार तथा रोजगारी सिर्जना गर्ने ।

## ८. रणनीति

८.१ नवीकरणीय ऊर्जाका प्रविधिहरुको शुरुको लागत कम गर्दै नवीकरणीय ऊर्जा सेवाहरुको पहुँचमा वृद्धि गर्ने ।

८.२ नवीकरणीय ऊर्जाका स्रोत तथा प्रविधिको प्रयोगमा अधिकतम कार्यदक्षता बढाउने र एकल महिला, न्यून आय भएका तथा प्राकृतिक प्रकोपवाट पिडित घरपरिवार र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गलाई नवीकरणीय ऊर्जा प्रयोग गर्न र क्षेत्रीय असमानतालाई कम गरी उनीहरुको जीविकोपार्जनमा सुधार तथा रोजगारीका अवसर  सिर्जना गर्ने ।

८.३ व्यावसायिक कर्जाको परिचालनको माध्यमबाट निजी क्षेत्र एवं उद्यमीहरुलाई आकर्षण गरी उनीहरुको लगानीको जोखिमलाई कम गर्दै नवीकरणीय ऊर्जा क्षेत्रको बजारको विकास र विस्तारमा सहयोग गर्ने ।

८.४ नवीकरणीय ऊर्जा प्रविधिमा सार्वजनिक निजी क्षेत्रको सहभागीतालाई प्रोत्साहन गर्ने ।

## ९. रणनीति

९.१ प्रति इकाई लागत प्रतिफलको आधारमा सर्वैभन्दा उत्तम नवीकरणीय ऊर्जाको प्रवर्द्धन गरिनेछ ।

९.२ नवीकरणीय ऊर्जा प्रविधिको थप अध्ययन तथा अनुसन्धान गरी लागत घटाउन र प्रविधि हस्तान्तरणको लागि प्रोत्साहन गरिनेछ ।

९.३ नवीकरणीय ऊर्जा सेवाको प्रयोगबाट ग्रामीण घरपरिवारका महिलाको कार्य बोझ कम गरी उत्पादनशील समय बढाउन र उनीहरुलाई घरपरिवारको स्वास्थ्य तथा शिक्षाको स्तरमा सुधार गर्न प्रोत्साहन गरिनेछ ।

९.४ ग्रामीण र शहरी क्षेत्रमा ऊर्जा आपूर्ति र उपयोगमा रहेको अन्तरलाई कम गर्न ग्रामीण विद्युतीकरण तथा ऊर्जा सेवा उपलब्ध गराउने सरकारको दीर्घकालीन लक्ष्य हासिल गर्न सहयोग पुऱ्याइनेछ ।

९.५ नेपालमा नवीकरणीय ऊर्जा प्रविधिको वजारको दिगो विकासको लागि सहयोग गरिनेछ ।

९.६ नवीकरणीय ऊर्जामा कर्जाको प्रवाहलाई सुनिश्चित गर्न केन्द्रीय नवीकरणीय ऊर्जा कोषको कार्यक्षेत्र विस्तार एवं संस्थागत सुदृढीकरण गरिनेछ ।

९.७ नवीकरणीय ऊर्जा प्रविधिको स्वामित्व, सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रको सहभागितालाई सुनिश्चित गर्न प्रोत्साहन गरिनेछ ।

९.८ नवीकरणीय ऊर्जा क्षेत्रमा प्राविधिक गुणस्तर सुधार गरिनेछ ।

## १०. अनुदानका मुख्य आधारहरु

१०.१ अति दुर्गम र दुर्गम क्षेत्रका समुदायका लागि आयोजना निर्माण गर्न आवश्यक सामान एवं उपकरण र ढुवानीको लागत उच्च भएकाले अनुदानको दर भौगोलिक क्षेत्र अनुसार फरक फरक रहेको छ ।

१०.२ ग्रामीण विद्युतीकरण बाहेक अनुदान रकमको दर निर्धारण गर्दा प्रविधि तथा क्षेत्र अनुसार फरक फरक भए तापनि समग्रतामा अनुदानले नवीकरणीय ऊर्जा प्रणालीको कूल लागतको

करिब ४० प्रतिशत पुग्दछ । लागतको बाँकी नपुग रकम मध्ये करिव ३० प्रतिशत सरल कर्जा र करिव ३० प्रतिशत निजी क्षेत्रको लगानी वा समुदाय वा घरधुरीबाट नगद वा अन्य तरिकाबाट जुटाउन सकिनेछ ।

१०.३ अनुदानको लागि ऊर्जा प्रतिफलको आधारमा सवैभन्दा कम लागत भएका नवीकरणीय ऊर्जा प्रविधिले प्राथमिकता पाउनेछन् ।

१०.४ नवीकरणीय ऊर्जा प्रविधिहरुलाई प्राकृतिक स्रोत साधनको उपलव्धतता र उपयुक्तता, उपभोक्ताको प्रविधि खरिद गर्ने इच्छा तथा प्रविधिले प्रदान गर्ने आर्थिक तथा सामाजिक लाभको आधारमा अनुदान दिने नीति लिइएको छ । लघु तथा साना जलविद्युत र सौर्य मिनीग्रिडलाई ग्रामीण विद्युतीकरण पूर्वाधारको आधारभूत आवश्यकताको रुपमा लिइनेछ र नेपाल सरकारको सामुदायिक ग्रामीण विद्युतीकरण नीतिको आधारमा रहेर अनुदानको स्तर निर्धारण गरिएको छ ।

१०.५ नवीकरणीय ऊर्जा प्रविधिहरुमा उपलब्ध हुने अनुदान रकम ऊर्जा प्रणालीको प्रकार, मूल्य र क्षमता, भौगोलिक अवस्थिति र लक्षित लाभान्वित वर्गको आधारमा सवै भन्दा उपयुक्त नवीकरणीय ऊर्जा प्रविधिहरुको उपलव्ध हुने प्रति इकाई लागत प्रतिफलको आधारमा उपलव्ध गराइनेछ ।

## ११. विभिन्न नवीकरणीय ऊर्जा प्रविधिहरुका लागि अनुदान

लघु तथा साना जलविद्युत, सुधारिएको पानी घट्ट, सौर्य ऊर्जा, वायोग्यास, जैविक ऊर्जा, वायु ऊर्जा आदि जस्ता विभिन्न नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रति इकाई लागतमा उपलव्ध हुने प्रतिफलको आधारमा देहायको अनुदान रकम उपलव्ध गराइनेछ :

### ११.१ लघु तथा साना जलविद्युत र सुधारिएको पानीघट्ट

राष्ट्रिय प्रसारण लाईनवाट विद्युत सेवा उपलव्ध नभएका क्षेत्रमा निर्माण हुने १,००० किलोवाट क्षमता सम्मका लघु तथा साना जलविद्युत् आयोजनाबाट वास्तविक उत्पादित ऊर्जा (किलोवाट) वा खुद ऊर्जा खपतको आधारमा अनुदान उपलब्ध गराइनेछ । लघु तथा साना

जलविद्युत आयोजनाले राष्ट्रिय प्रसारणमा विद्युत आपूर्ति गर्नुका साथै स्थानीय रुपमा विद्युत वितरण समेत गर्ने सम्भावना रहेको स्थानको लागि स्थानीय वितरण संजाल भित्रका उपभोक्ताले गर्ने ऊर्जा खपत वा स्थानीय वितरण संजाल भित्रका उपभोक्तालाई वितरण हुने विद्युत उत्पादनको अंशको लागि अनुदान उपलव्ध गराइनेछ । यसको अतिरिक्त वास्तविक घरधुरीका आधारमा वितरण सन्जाल निर्माणका लागि अनुदान उपलब्ध गराइनेछ ।

### ११.१.१ लघु तथा साना जलविद्युत

(क) राष्ट्रिय प्रसारण लाइनको पहुँच भन्दा बाहिरको क्षेत्रमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा स्थानीय तहका साथै सामुदायिक संस्थाले १० किलोवाट क्षमता भन्दा माथि १,००० किलोवाट क्षमता सम्मका लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन तथा वितरण गरेमा केन्द्रले आयोजना लागतको ९० प्रतिशतसम्म अनुदान उपलब्ध गराउनेछ ।

(ख) राष्ट्रिय प्रसारण लाइनको पहुँचभन्दा बाहिरको क्षेत्रमा निर्माण हुने सहकारी वा निजी वा सार्वजनिक निजी साझेदारी स्वामित्वमा आधारित १० किलोवाट क्षमता भन्दा माथि १,००० किलोवाट क्षमता सम्मका लघु तथा साना जलविद्युत् आयोजनाहरुमा देहाय बमोजिम आयोजनामा आधारित वा ऊर्जा खपतमा आधारित मध्ये सम्बन्धित आयोजना संचालक (Project Developer) ले रोजेको कुनै एक तरिका अनुसारको अनुदान रकम उपलब्ध गराइनेछ :

| अनुदान वर्गीकरण | अनुदान रकम (रु.) | | | |
|---|---|---|---|---|
| | हवाइ मार्गबाट मात्र ढुवानी सम्भव हुने हुम्ला, डोल्पा र मुगु जिल्लाहरु | "क" वर्गका हुम्ला, डोल्पा र मुगु जिल्ला बाहेकका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
| **(अ) आयोजनामा आधारित अनुदान** | | | | |
| वितरण प्रणाली (प्रति घरधुरी) | ३५,००० | ३२,००० | ३०,००० | २८,००० |
| उत्पादन-उपकरण (प्रति किलोवाट) | १२५,००० | ९५,००० | ८५,००० | ८०,००० |
| उत्पादन-सिभिल संरचना (प्रति किलोवाट) | ८०,००० | ३०,००० | २५,००० | २०,००० |

| | | | | |
|---|---|---|---|---|
| तर उत्पादन र वितरण प्रणालीमा प्रति किलोवाटको लागि अधिकतम् अनुदान रकम हुम्ला, डोल्पा र मुगु, "क" वर्गका अन्य क्षेत्र, "ख" र "ग" वर्गका क्षेत्रहरुमा क्रमशः रु. ३८२,०००, रु. २८५,०००, २६०,००० र रु. २४०,००० भन्दा बढी हुने छैन । वितरण अनुदान प्रति किलोवाट अधिकतम ५ घरधुरीलाई उपलव्ध गराइनेछ भने उत्पादनको अनुदानको लागि योग्य हुन घरधुरीलाई विद्युत वितरण गर्न आवश्यक छैन । | | | | |
| **(आ) ऊर्जा खपतमा आधारित अनुदान** | | | | |
| ऊर्जा खपत (प्रति किलोवाट घण्टा) | ५५% | ५०% | ४५% | ४०% |
| यदि ऊर्जा खपतको आधारमा अनुदान दिइने भएमा वास्तविक ऊर्जा खपत (प्रति किलोवाट घण्टा) को आधारमा विद्युत उत्पादन शुरु भएको ५ वर्षको अवधि सम्म मात्र सम्बन्धित आयोजना सञ्चालकलाई भुक्तानी गरिनेछ । | | | | |

स्पष्टीकरणः यस नीतिको प्रयोजनका लागि "क" वर्गका क्षेत्र, "ख" वर्गका क्षेत्र र "ग" वर्गका क्षेत्र भन्नाले अनुसूची-१ मा उल्लिखित क्रमशः अति दुर्गम, दुर्गम र सुगम क्षेत्रहरु सम्झनु पर्छ ।

## ११.१.१.१ उत्पादनमूलक ऊर्जा प्रयोगको लागि लघु जलविद्युत आयोजना

लघु तथा साना जलविद्युत आयोजनाहरुवाट उत्पादित विद्युतलाई विशेषगरी पर्यटन, खनिज पदार्थको अन्वेषण, मार्बल कटाई, ढुङ्गा कटाई, सिमेन्ट उत्पादन, सिंचाई, पम्पिङ्ग तथा ठूला स्तरका कृषि प्रशोधन जस्ता उत्पादनमूलक क्षेत्रहरुमा खनिज ऊर्जालाई प्रतिस्थापना गर्ने प्रयोजनको लागि माथि वुँदा नं ११.१.१ मा उल्लिखित उत्पादन उपकरण अनुदान रकम उपलव्ध गराइनेछ । यस प्रकारको अनुदान प्राप्त गर्न योग्य हुनको लागि आयोजना प्रस्तावकर्ताले स्थानीय रोजगारीको अवसर सहितको विस्तृत व्यावसायिक योजना तर्जुमा गर्नुपर्नेछ ।

## ११.१.२ दश किलोवाट क्षमता सम्मका लघु जलविद्युत

१० किलोवाट क्षमता सम्मका लघु जलविद्युत आयोजनाको लागि उपलब्ध गराइने अनुदान रकम देहाय बमोजिम हुनेछ :

| अनुदान वर्गीकरण | क्षमता | अनुदान रकम (रु.) | | |
|---|---|---|---|---|
| | | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
| वितरण प्रणाली (प्रति घरधुरी) | १० किलोवाट सम्म | ११,५०० | १०,५०० | १०,००० |
| उत्पादन प्रणाली (प्रति किलोवाट) | ५ किलोवाट भन्दा कम | ७०,००० | ६०,००० | ५०,००० |
| | ५ किलोवाट देखि १० किलोवाट सम्म | ९५,००० | ८५,००० | ७५,००० |

तर ५ किलोवाट भन्दा कम क्षमताका आयोजनामा उत्पादन र वितरण प्रणालीमा प्रति किलोवाटको लागि अधिकतम् अनुदान रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमशः रु. १८५,०००, रु. १६५,००० र रु. १५०,००० भन्दा बढी हुने छैन । त्यस्तै ५ किलोवाट देखि १० किलोवाट सम्मका आयोजनामा प्रति उत्पादित किलोवाटको लागि अधिकतम् अनुदान रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमशः रु. २१०,०००, रु. १९०,००० र रु. १७५,००० भन्दा बढी हुने छैन । तर एकल उत्पादकको हकमा अनुदानको लागि योग्य हुन अनुदान परिचालन कार्यविधिमा तोकिए बमोजिमको शर्तहरु पूरा गर्नुपर्नेछ ।

## ११.१.३ थप अनुदान

माथि वुँदा नं ११.१.१ र ११.१.२ मा उल्लिखित नयाँ निर्माण हुने लघु तथा साना जलविद्युत् आयोजनाहरुको हकमा उल्लिखित अनुदान रकममा लक्षित लाभान्वित वर्गका लागि प्रति घरधुरी रु. ४,००० का दरले थप अनुदान रकम उपलव्ध गराइनेछ ।

**स्पष्टीकरणः** यस नीतिको प्रयोजनका लागि "लक्षित लाभान्वित वर्ग" भन्नाले "वालवालिका समेत पालनपोषण गर्नुपर्ने घरमुली महिला, भुकम्पबाट प्रभावित जिल्लाहरुका भुकम्पबाट पिडित, आर्थिक तथा सामाजिक दृष्टिले पछि परेका, नेपाल सरकारले पहिचान गरेका लोपोन्मुख आदिवासी जनजाति तथा दलित" भन्ने वुझाउँछ ।

## ११.१.४ सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत आयोजना

आर्थिक स्रोत जुटाउन नसकी तथा प्राविधिक कारणले यो अनुदान नीति स्वीकृत भएको मितिसम्म सम्पन्न हुन नसकेका दुर्गम क्षेत्रका लघु जलविद्युत आयोजनालाई आयोजना सम्पन्न हुने सुनिश्चितताको लागि नियमित अनुदान तथा थप अनुदान समेत गरी एक पटकको लागि मात्र बढीमा लागतको ८० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ । तर यस अगाडी थप आर्थिक सहयोग प्राप्त गरेका आयोजनाले यो नीति अनुसारको थप अनुदान रकम प्राप्त गर्न सक्ने छैनन् ।

## ११.१.५ सुधारिएको पानीघट्ट

११.१.५.१ यान्त्रिक शक्तिको उपयोगद्वारा कुटानी, पिसानी कार्यको लागि पानी घट्ट सुधारको लागि देहाय बमोजिमको अनुदान रकम उपलव्ध गराइनेछ :

| सुधारिएको पानीघट्ट | अनुदान रकम (रु.) | | |
|---|---|---|---|
| | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
| पिसानी | १८,००० | १६,००० | १४,००० |
| पिसानी तथा कुटानी | ३८,००० | ३६,००० | ३४,००० |

११.१.५.२ सुधारिएको पानीघट्टबाट बढीमा ५ किलोवाट क्षमता सम्म बिद्युत उत्पादन गरी नजिकका घरपरिवारलाई विद्युत सेवा उपलव्ध गराउने प्रयोजनको लागि निजी वा समुदायको स्वामित्व भएका पानी घट्टमा देहाय बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ ।

| अनुदान बर्गीकरण | अनुदान रकम (रु.) | | |
|---|---|---|---|
| | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
| वितरण प्रणाली (प्रति घरधुरी) | ११,५०० | १०,५०० | १०,००० |
| उत्पादन उपकरण (प्रति किलो वाट) | ५०,००० | ३०,००० | २०,००० |
| तर उत्पादन र वितरणमा प्रति किलोवाट अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमशः रु. १०७,५००, रु. ८२,५०० र रु. ७०,००० भन्दा वढि हुने छैन । | | | |

## ११.२ सौर्य ऊर्जा-राष्ट्रिय प्रसारण लाइनवाट विद्युत सेवा नपुगेका क्षेत्र

राष्ट्रिय प्रसारण लाइन र अन्य नवीकरणीय ऊर्जा स्रोतवाट विद्युत सेवा उपलव्ध नभएका क्षेत्रमा सौर्य ऊर्जावाट विद्युत उपलव्ध गराउन निम्नानुसार अनुदान उपलव्ध गराइनेछ :

### ११.२.१ सौर्य घरेलु विद्युत प्रणाली

सौर्य ऊर्जावाट घरायसी विद्युत सेवाको लागि देहाय वमोजिमको अनुदान उपलव्ध गराइनेछ :

| सौर्य प्रणाली क्षमता | अनुदान रकम (रु.) | | |
|---|---|---|---|
| | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
| १० देखि २० वाट पिक क्षमताका साना घरेलु सौर्य प्रणाली (प्रति घरधुरी प्रति प्रणाली) | ५,००० | ४,८०० | ४,५०० |
| ५० वाट पिक क्षमता वा सो भन्दा बढीका घरेलु सौर्य प्रणाली (प्रति घरधुरी प्रति प्रणाली) | १०,००० | ९,००० | ८,००० |

### ११.२.२ सौर्य मिनीग्रिड

(क) राष्ट्रिय प्रसारण तथा वितरण प्रणाली नपुगेका क्षेत्रमा स्थानीय तहको स्वामित्वमा निमार्ण गरिने २५० कि.वा. क्षमता सम्मका सौर्य मिनीग्रिड आयोजनाहरुको लागि केन्द्रले कूल लागतको ९० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउनेछ ।

(ख) राष्ट्रिय प्रसारण तथा वितरण प्रणाली वा अन्य मिनीग्रिड आयोजनाबाट विद्युत सेवा उपलब्ध नभएका क्षेत्रहरुमा निजी वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा सामुदायिक स्वामित्त्वमा आधारित ऊर्जा सेवा प्रदायक कम्पनी मोडेलमा निर्माण गरिने १०० कि.वा. क्षमता सम्मका सौर्य मिनीग्रिड आयोजनाहरुको लागि केन्द्रले कूल लागतको ६० प्रतिशत सम्म मात्र अनुदान रकम उपलब्ध गराउनेछ ।

११.२.३ सार्वजनिक संस्थाहरु विशेषगरी ग्रामीण क्षेत्रका पाठशालामा कम्प्युटर एवं अन्य विद्युतीय उपकरण सञ्चालन गर्न, स्वास्थ्य केन्द्र तथा सरकारी वा सामुदायिक अस्पतालहरुमा भ्याकसिन रेफ्रिजेरेटर एवं अन्य विद्युतीय उपकरण संचालन गर्न र वत्ती वाल्न सौर्य विद्युत प्रणालीको जडानमा रु. ५००,००० भन्दा बढी नहुने गरी कूल आयोजनाको लागतको ६५ प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

११.२.४ स्थानीय तह, उपभोक्ता समितिद्वारा सञ्चालित सौर्य खानेपानी आयोजनाका लागि सौर्य पम्पिङ्ग प्रणालीको कूल लागतमा ९० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ।

११.२.५ समुदायले वा निजी क्षेत्रले व्यवस्थापन गर्ने कृषियोग्य जमीनमा सिंचाई सञ्चालन गर्न सौर्य पम्पिङ प्रणालीमा कूल लागतमा रु. २० लाखमा नबढ्ने गरी ६० प्रतिशत सम्म अनुदान रकम उपलव्ध गराइनेछ ।

## ११.३ सौर्य ऊर्जा - राष्ट्रिय प्रसारण लाइनवाट विद्युत सेवा पुगेका तर विद्युत आपूर्ति नियमित नभएका क्षेत्र

राष्ट्रिय प्रसारण लाइनवाट विद्युत सेवा पुगेका तर विद्युत आपूर्ति नियमित नभएका शहरी क्षेत्रहरुका लागि देहाय वमोजिमको अनुदान रकम उपलव्ध गराइनेछ ।

११.३.१ महानगरपालिका तथा उपमहानगरपालिकाको लागि रु. ८० लाख भन्दा वढी नहुने गरी कूल लागतको ४० प्रतिशत सम्म, नगरपालिकाका लागि रु. ६० लाख भन्दा वढी नहुने गरी कूल लागतको ६० प्रतिशत सम्म र गाउँपालिकाका लागि रु. ४० लाख भन्दा वढी नहुने गरी कूल लागतको ७० प्रतिशत सम्म सौर्य सडक वत्ती जडान गर्न अनुदान रकम उपलब्ध गराईनेछ ।

११.३.२ धार्मिक तथा आध्यात्मिक स्थलहरुमा २० वाट सम्मका सौर्य प्रणालीको लागि रु. ९ हजार भन्दा वढी नहुने गरी कूल लागतको ८० प्रतिशत सम्म र ५० वाट भन्दा माथिको सौर्य प्रणालीमा रु. २० हजार भन्दा वढी नहुने गरी कूल लागतको ७० प्रतिशत सम्म अनुदान उपलब्ध गराईनेछ ।

११.३.३ हाल प्रयोग भइरहेका इन्भर्टर, ब्याट्री प्रणालीहरुलाई सौर्य ऊर्जाबाट चार्ज गर्न वा नयाँ सौर्य ऊर्जा प्रणाली जडान गर्न २०० वाट पिक वा सो भन्दा वढि क्षमताको सौर्य ऊर्जामा प्रति प्रणाली प्रति परिवार रु. २०,००० अनुदान रकम उपलब्ध गराइनेछ ।

११.३.४ व्यावसायिक प्रयोजनका लागि १,५०० वाट पिक क्षमता भन्दा बढी र घरायसी प्रयोजनका लागि ५०० वाट पिक क्षमता भन्दा बढीका सौर्य ऊर्जा प्रणाली जडानका लागि ५ बर्षे मासिक किस्तामा बैंक ऋण लिँदा व्यावसायिक प्रयोजनको लागि ब्याजको ५० प्रतिशत रकम र घरायसी प्रयोजनको लागि ब्याजको ७५ प्रतिशत रकम अनुदान स्वरुप बैंक मार्फत उपलब्ध गराइनेछ ।

११.३.५ सार्वजनिक शिक्षण संस्था, सार्वजनिक स्वास्थ्य केन्द्र र सामुदायिक अस्पतालहरुमा सौर्य ऊर्जा प्रणाली जडान गर्न रु. ५ लाख भन्दा वढी नहुने गरी कूल लागतको ६० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराईनेछ ।

## ११.४ सौर्य तापीय प्रणाली

विभिन्न प्रकारका सौर्य तापीय प्रविधिहरुमा देहाय वमोजिमको अनुदान रकम उपलब्ध गराइनेछः

| प्रविधि | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
|---|---|---|---|
| घरायसी कुकर | कूल मुल्यको ६० प्रतिशत वा रु. १५ हजारमध्ये जुन कम हुन्छ । | कूल मुल्यको ५० प्रतिशत वा रु. १२ हजारमध्ये जुन कम हुन्छ | कूल मुल्यको ४० प्रतिशत वा रु. १० हजारमध्ये जुन कम हुन्छ |
| संस्थागत कुकर (सार्वजनिक संस्थाहरु/ अस्पतालहरु, सैनिक एवं प्रहरी ब्यारेक, विद्यालय, वृद्धाश्रम/ आश्रम) | कूल मुल्यको ७५ प्रतिशत वा रु.१० लाखमध्ये जुन कम हुन्छ । | कूल मुल्यको ६० प्रतिशत वा रु. ५ लाखमध्ये जुन कम हुन्छ । | कूल मुल्यको ५० प्रतिशत वा रु. ४ लाखमध्ये जुन कम हुन्छ । |
| ड्रायर (३-२० वर्ग फिट) | कूल मुल्यको ६० प्रतिशत वा रु.२२ हजार ५०० मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ५० प्रतिशत वा रु. १८ हजार मध्ये जुन कम हुन्छ । | कूल मुल्यको ४० प्रतिशत वा रु. १५ हजार मध्ये जुन कम हुन्छ । |
| ड्रायर (२१-८५ वर्ग फिट) | कूल मुल्यको ७५प्रतिशत वा रु. १ लाख ५० हजारमध्ये जुन कम हुन्छ । | कूल मुल्यको ६० प्रतिशत वा रु. १ लाख ५० हजारमध्ये जुन कम हुन्छ । | कूल मुल्यको ५० प्रतिशत वा रु. १ लाखमध्ये जुन कम हुन्छ । |
| ड्रायर (८५ वर्ग फिटभन्दा ठूलो) | कूल मुल्यको ७५प्रतिशत वा रु.१ लाख ५० हजारमध्ये जुन कम हुन्छ । | कूल मुल्यको ६० प्रतिशत वा रु. १ लाख ५० हजारमध्ये जुन कम हुन्छ । | कूल मुल्यको ५० प्रतिशत वा रु. १ लाखमध्ये जुन कम हुन्छ । |

## ११.५ बायोग्यास

अनुदानको लागि घरायसी, सार्वजनिक संस्था, व्यावसायिक संस्थाहरु, समुदायहरुको ऊर्जाको आवश्यकता पूरा गर्न जि.जि.सि. (गोबर ग्यास कम्पनी) २०४७ मोडेल, सुधारिएको जि.जि.सि. २०४७ मोडेल तथा अन्य आधुनिक किफायती विभिन्न क्षमताका मोडेलहरु समेत योग्य हुनेछन् ।

### ११.५.१ घरायसी बायोग्यास प्लान्ट

११.५.१.१ गाई भैसीको गोवर मुख्य पदार्थको रुपमा प्रयोग गरी घरायसी प्रयोजनका लागि निर्माण गरिने बायोग्यास प्लान्टहरुमा प्रतिप्लान्ट प्रति घरधुरीमा दिइने अनुदान देहाय वमोजिम हुनेछ :

| क्षेत्र | अनुदान रकम (रु.) | | |
|---|---|---|---|
| | २ घनमिटर प्लान्ट क्षमता | ४ घनमिटर प्लान्ट क्षमता | ६ घनमिटर वा सो भन्दा वढि प्लान्ट क्षमता |
| नेपाल सरकारले तोकेका हिमाली क्षेत्रका जिल्लाहरु | ३२,५०० | ३९,००० | ४५,५०० |
| नेपाल सरकारले तोकेका पहाडी क्षेत्रका जिल्लाहरु | २६,००० | ३२,५०० | ३९,००० |
| नेपाल सरकारले तोकेका तराई क्षेत्रका जिल्लाहरु | १९,२०० | २४,००० | २८,८०० |

११.५.१.२ लक्षित लाभान्वित वर्गका लागि माथि उल्लेखित अनुदान रकमको १० प्रतिशत थप रकम उपलव्ध गराइनेछ ।

११.५.१.३ भान्छाबाट निस्कने फोहर तथा अन्य घरायसी जैविक वस्तुहरु अधिकतम प्रयोग गरी वातावरण सुधार गर्ने तथा आयातित इन्धनलाई प्रतिस्थापन गर्न निर्धारित डिजाइनको ४ घनमिटर वा सो भन्दा कम क्षमताका बायोग्यास प्लान्टहरुका लागि प्रति घरधुरी अधिकतम रु. १०,००० भन्दा बढी नहुनेगरी कूल लागतको अधिकतम ५० प्रतिशत सम्म अनुदान रकम उपलव्ध गराइनेछ ।

## ११.५.२ फोहोरवाट ऊर्जामा आधारित बायोग्यास

फोहोरवाट ऊर्जा उत्पादनको लागि १२.५ घन मिटर देखि ३५ घन मिटर क्षमताको बायोग्यास प्लाण्टलाई सानो क्षमता, ३५ घन मिटर देखि १०० घन मिटर क्षमताको बायोग्यास प्लान्टलाई मध्यम र १०० घन मिटर भन्दा वढी क्षमताको बायोग्यास प्लान्टलाई ठूला क्षमताको बायोग्यास प्लाण्टको रुपमा परिभाषित गरिएको छ ।

११.५.२.१ पाठशाला, क्याम्पस, अस्पताल, प्रहरी र सैनिक व्यारेक, वृद्धाश्रम र धार्मिक क्षेत्र जस्ता सार्वजनिक संस्थाहरुवाट निस्कने मानव मलमूत्र, ठोस फोहोर, कृषिजन्य पदार्थ आदि प्रयोग गर्ने बायोग्यास प्लान्टहरु संस्थागत अनुदानका लागि योग्य हुनेछन् ।

११.५.२.२ बायोग्यास उत्पादनको राम्रो सम्भावना भएका जैविक फोहोर निस्कने कुखुरा फार्म, गाई भैंसी गोठ, पशुवधशाला, साना तथा घरेलु उद्योगहरु, ठूला उद्योग आदि जस्ता निजी

उद्यमका रुपमा रहेका सबै प्रकारका संस्थाहरुलाई व्यापारिक प्रतिष्ठानको रुपमा लिइएको छ । खेर जाने कुहिने जैविक पदार्थको मात्रा उच्च रहेका व्यावसायिक प्रतिष्ठानहरुमा बायोग्यास उत्पादनको सम्भावना उच्च रहेको छ । त्यसरी उत्पादन गरिने ऊर्जा आफैं प्रयोग गर्ने वा अन्य नजिकका घरधुरीलाई वितरण गरिनेछ । त्यस्ता प्रकारका साना, मध्यम तथा ठूला वायोग्यास प्लान्टहरु व्यावसायिक वर्गीकरण अन्तर्गत अनुदानको लागि योग्य हुनेछन् ।

११.५.२.३ अनुदानको हकमा नगरपालिका भित्रको ठोस पदार्थवाट बायोग्यास उत्पादनको लागि दिइने अनुदानको दर बायोग्यास उत्पादन क्षमतको आधारमा गरिएको छ ।

| बायोग्यास प्लान्ट | अनुदान रकम (रु.) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तापीय प्रयोगका लागि प्रति घनमिटर वायोग्यासबाट प्रतिदिन (साधारण तापक्रम चापको आधारमा) | | | | | | प्रति कि.वा. विद्युत शक्ति उत्पादनका लागि (२४ घण्टाको आधार भारका लागि) थप अनुदान |
| | तराई | | | पहाड | | | |
| | सानो | मध्यम | ठूलो | सानो | मध्यम | ठूलो | |
| व्यावसायिक बायोग्यास प्लान्ट | २०,००० | २५,००० | ३०,००० | २४,००० | ३०,००० | ३६,००० | ६५,००० |
| सार्वजनिक निकायमा निर्माण गरिने बायोग्यास प्लाण्ट | ५७,००० | | | ६८,००० | | | १८५,००० |
| सामुदायिक बायोग्यास प्लाण्ट | ४५,००० | | | ५४,००० | | | १५०,००० |
| नगरपालिकाबाट निस्कने फोहरबाट बायोग्यास ऊर्जा प्रणाली निर्माण गर्दा | रु. दुई लाखमा नवढ्ने गरी कूल लागतको ४० प्रतिशत सम्म | | | रु. दुई लाख चालिस हजारमा नवढने गरी कूल लागतको ४० प्रतिशत सम्म | | | रु. चार लाखमा नवढने गरी कूल विद्युतीकरण लागतको ४० प्रतिशत सम्म |

## ११.६ जैविक ऊर्जा

जैविक ऊर्जा प्रविधि वा प्रणालीमा देहाय वमोजिमको अनुदान रकम उपलब्ध गराइनेछ :

११.६.१ घरायसी माटोको सुधारिएको चुल्होको प्रवर्द्धनको लागि प्रत्यक्ष अनुदान उपलब्ध गराइने छैन । तर नेपाल सरकारले पहिचान गरेका लक्षित घरपरिवार अन्तर्गतका बालबालिकाको समेत पालनपोष्ण गर्नुपर्ने घरमुली महिला, भुकम्पवाट पीडित र लोपोन्मुख जनजातिको लागि घरपरिवारलाई माटोको चुल्हो जडान गर्न स्थानीय निकाय मार्फत आर्थिक सहयोग उपलब्ध गराउन प्रोत्साहन गरिनेछ ।

११.६.२ समुद्र सतह देखि १,५०० मीटर भन्दा वढी उचाइ भएका क्षेत्रमा खाना पकाउन र कोठा तताउन प्रयोग हुने एक वा दुई मुखे फलामे सुधारिएको चुल्होलाई प्रति चुल्हो प्रति घरधुरी अधिकतम रु. ३,००० र तीन मुखे फलामे सुधारिएको चुल्होलाई प्रति चुल्हो प्रति घरधुरी अधिकतम रु. ४,००० भन्दा वढि नहुने गरी ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराइनेछ । यस खालका चुलोमा अनुसूची १ अनुसारका "क" र "ख" वर्गका क्षेत्रका लागि प्रति चुल्हो प्रति घरधुरी क्रमशः रु. १,००० र रु. ५०० थप अनुदान उपलव्ध गराइनेछ ।

११.६.३ सार्वजनिक पाठशाला, सार्वजनिक अस्पताल तथा स्वास्थ्य केन्द्र, प्रहरी तथा सैनिक व्यारेक, धार्मिक स्थल तथा अनाथाश्रमहरुमा खाना पकाउने र कोठा तताउने प्रयोजनका लागि फलामे सुधारिएको चुल्होमा प्रति चुल्हो अधिकतम रु. २०,००० भन्दा बढी नहुनेगरी कूल मूल्यको ५० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

११.६.४ ग्रामीण तथा अर्ध शहरी क्षेत्रमा एकमुखे वा दुईमुखे पूर्णरुपमा वा आंशिकरुपमा फलामे रकेट चुल्होमा अधिकतम् रु. ३,००० भन्दा बढी नहुनेगरी कूल मूल्यको ५० प्रतिशतसम्म अनुदान दिइने छ ।

११.६.५ ग्रामीण तथा अर्ध शहरी क्षेत्रमा एक मुखे वा दुई मुखे पूर्ण रुपमा वा आंशिक रुपमा फलामे ग्यासिफायर प्रणालीका घरेलु चुल्होमा अधिकतम् रु. ४,००० भन्दा बढी नहुने गरी कूल मूल्यको ५० प्रतिशत सम्म अनुदान रकम दिइनेछ ।

११.६.६ ग्यासिफायर प्रविधिबाट तापीय ऊर्जा प्रयोग गरी लघु, साना र मझौला उद्यमहरुमा कृषिजन्य वस्तुको प्रशोधनको लागि फलामे ग्यासिफायरमा अधिकतम रु. १,५०,००० भन्दा बढी नहुने गरी कूल मूल्यको ५० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराइनेछ ।

११.६.७ घरायसी फलामको सुधारिएको चुल्हो जडान गर्न लक्षित लाभान्वित वर्गलाई प्रतिचुल्हो प्रति घरधुरी थप रु. १,००० अनुदान रकम उपलव्ध गराइनेछ ।

११.६.८ राष्ट्रिय प्रसारण लाइन र अन्य नवीकरणीय ऊर्जा स्रोतवाट विद्युत सेवा उपलव्ध नभएका क्षेत्रमा विद्युतीकरण गर्न जैविक ऊर्जा स्रोतबाट ५ किलोवाट भन्दा माथि १०० किलोवाट सम्म क्षमताका विद्युतीय आयोजनाहरुका लागि अनुदान देहाय बमोजिम आयोजनामा आधारित वा ऊर्जा खपतमा आधारित मध्ये सम्बन्धित आयोजना संचालकले रोजेको कुनै एक तरीका अनुसार उपलब्ध गराइनेछ :

| अनुदान वर्गीकरण | अनुदान रकम(रु.) | | |
|---|---|---|---|
| | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
| (अ) आयोजनामा आधारित अनुदान | | | |
| वितरण प्रणाली (प्रति घरधुरी) | ३२,००० | ३०,००० | २८,००० |
| उत्पादन प्रणालीका लागि (प्रति किलोवाट) | १२५,००० | ११०,००० | १००,००० |
| तर उत्पादन र वितरण प्रणालीमा प्रति किलोवाटको लागि अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमशः रु. ४४५,०००; रु. ४१०,००० र रु. ३८०,००० भन्दा बढी हुने छैन । वितरण प्रणालीमा अनुदान प्रति किलोवाट अधिकतम १० घरधुरीलाई उपलव्ध गराइनेछ । | | | |
| (आ) ऊर्जा खपतमा आधारित अनुदान | | | |
| वा ऊर्जा खपत (किलोवाट घण्टा) | ५०% | ५०% | ५०% |
| यदि ऊर्जा खपतको लागि अनुदान दिइने भएमा वास्तविक ऊर्जा खपत (प्रति किलोवाट घण्टा) को आधारमा विद्युत उत्पादन शुरु भएको ५ वर्षको अवधि सम्म मात्र सम्बन्धित आयोजना बिकासकर्ता लाई भुक्तानी गरिनेछ । | | | |

## ११.७ वायु ऊर्जा

वायु ऊर्जावाट विद्युत उत्पादन गर्न सम्भव भएका तर राष्ट्रिय प्रसारण लाइन र अन्य नवीकरणीय ऊर्जा स्रोतवाट विद्युत सेवा उपलव्ध नभएका क्षेत्रमा मात्र वायु ऊर्जा स्रोतवाट विद्युत उत्पादनका लागि अनुदान उपलव्ध गराइनेछ । वायु ऊर्जाबाट १०० किलोवाटसम्म विद्युत उत्पादन गर्न देहाय वमोजिमको अनुदान रकम उपलब्ध हुनेछ :

| अनुदान वर्गीकरण | अनुदान रकम (रु.) | | |
|---|---|---|---|
| | "क" वर्ग | "ख" वर्ग | "ग" वर्ग |
| वितरण प्रणाली (प्रति घरधुरी) | ३२,००० | ३०,००० | २८,००० |
| उत्पादन प्रणाली अनुदान (प्रति किलोवाट) | १७५,००० | १६५,००० | १५०,००० |
| तर उत्पादन र वितरणमा प्रति किलोवाट अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमशः रु. ४९५,०००, रु. ४६५,००० र रु. ४३०,००० भन्दा बढी हुने छैन । वितरण प्रणालीमा अनुदान प्रति किलोवाट अधिकत १० घरपरिवारलाई उपलव्ध गराइनेछ ।तर माथि जुनसुकै कुरा उल्लेख भएतापनि नमूना आयोजनाको लागि नेपाल सरकार तथा विकास साझेदार वीच भएको सहमती अनुसार माथि उल्लेखित अनुदान रकम भन्दा वढि समेत आर्थिक सहयोग गर्न सकिनेछ । | | | |

१० किलोवाट भन्दा ठूला आयोजनाको वितरण प्रणाली एकिकृत राष्ट्रिय पावर प्रणाली (INPS) को मापदण्ड अनुसार निर्माण भएको हुनु पर्नेछ । यदि विद्युत् प्लाण्ट निजी क्षेत्रका कम्पनीको स्वामित्व वा सञ्चालनमा भएमा र निर्माण सम्पन्न भएपछि वा आयोजना संचालनमा आइसकेपछि सो स्थानमा राष्ट्रिय प्रसारण लाइन पुगेमा वितरण प्रणालीको स्वामित्व समुदाय (उपभोक्ता समिति) मा हस्तान्तरण हुनुपर्नेछ ।

लक्षित लाभान्वित वर्गको लागि प्रति घरधुरी थप रु. ४,००० अनुदान रकम उपलव्ध गराइनेछ ।

## ११.८ सौर्य - वायु ऊर्जाको मिश्रित प्रणाली

राष्ट्रिय प्रसारण लाइन र अन्य नवीकरणीय ऊर्जा स्रोतवाट विद्युत सेवा उपलव्ध नभएका क्षेत्रमा मात्र सौर्य-वायु ऊर्जाको मिश्रित स्रोतवाट विद्युत उपलव्ध गराइनेछ । सौर्य ऊर्जा र वायु ऊर्जाको मिश्रित स्रोतबाट ५ किलोवाट देखि १०० किलोवाट क्षमता सम्मका सामुदायिक वा

सहकारी वा निजी वा सार्वजनिक निजी साझेदारी स्वामित्वमा आधारित विद्युतीय आयोजनाहरुका लागि उपलब्ध गराइने अनुदान रकम देहाय बमोजिम हुनेछ :

| अनुदान बर्गीकरण | अनुदान रकम (रु.मा) | | |
|---|---|---|---|
| | "क" वर्गका क्षेत्र | "ख" वर्गका क्षेत्र | "ग" वर्गका क्षेत्र |
| वितरण प्रणाली (प्रति घरधुरी) | ३२,००० | ३०,००० | २८,००० |
| उत्पादन प्रणालीका लागि (प्रति किलोवाट) | १७५,००० | १६५,००० | १५०,००० |
| तर उत्पादन र वितरणमा प्रति किलोवाटको लागि अधिकतम अनुदान रकम "क", "ख" र "ग" वर्गका क्षेत्रमा क्रमशः रु. ४९५,०००; रु. ४६५,००० र रु. ४३०,००० भन्दा बढी हुने छैन । वितरण प्रणालीमा अनुदान प्रति किलोवाट अधिकत १० घरपरिवारलाई उपलब्ध गराइनेछ ।<br>तर माथि जुनसुकै कुरा उल्लेख भए तापनि नमूना आयोजनाको लागि नेपाल सरकार तथा विकास साझेदार वीच भएको सहमती अनुसार माथि उल्लेखित अनुदान रकम भन्दा बढी समेत आर्थिक सहयोग गर्न सकिनेछ । | | | |

## ११.९ उत्पादनमुलक ऊर्जा प्रयोग

नवीकरणीय ऊर्जाको तापीय वा विद्युतीय वा यान्त्रिक ऊर्जा प्रयोग गरी वस्तु र सेवाहरु उत्पादन गर्नुका साथै रोजगारी तथा आम्दानी वृद्धि गर्ने उद्योग एवं व्यवसायहरुमा अनुदानको लागि योग्य मानिनेछ ।

११.९.१ नवीकरणीय ऊर्जामा आधारित लघु उद्योग एवं व्यवसायको हकमा ऊर्जा परिवर्तन र प्रशोधन उपकरण, व्यवसायको हार्डवेयर तथा आधारभूत संरचनाको अंशमा रु. १००,००० भन्दा बढी नहुनेगरी कूल लागतको ४० प्रतिशतसम्म अनुदान रकम उपलव्ध गराइनेछ ।

११.९.२ नवीकरणीय ऊर्जामा आधारित साना तथा मझौला उद्योग एवं व्यवसायको हकमा ऊर्जा परिवर्तन र प्रशोधन उपकरण, व्यवसायको हार्डवेयर तथा आधारभूत संरचनाको अंशमा रु. ३००,००० भन्दा बढी नहुनेगरी कूल लागतको ३० प्रतिशत सम्म अनुदान रकम उपलव्ध गराइनेछ ।

११.९.३ स्थापित सामुदायिक विद्युतीकरणका आयोजनाहरुलाई व्यवसायको रुपमा सञ्चालन गर्ने सन्दर्भमा आवश्यक पर्ने उपकरण, हार्डवेयर तथा आधारभूत संरचनाको अंशमा रु. ३००,००० भन्दा बढी नहुनेगरी कूल लागतको ५० प्रतिशत सम्म अनुदान रकम उपलव्ध गराइनेछ ।

११.९.४ लघु जलविद्युतले ओगटेको स्थानमा पम्पिङ्ग वाट सिंचाई गर्न आवश्यक पर्ने उपकरण तथा हार्डवेयरको कूल लागतको ६० प्रतिशतमा नवढने गरी रु. १०,००,००० सम्म अनुदान रकम उपलव्ध गराइनेछ ।

११.९.५ लक्षित लाभान्वित वर्गका घरपरिवारद्वारा सञ्चालित व्यवसायको लागि अधिकतम् रु. १०,००० भन्दा बढी नहुनेगरी १० प्रतिशतसम्म थप अनुदान रकम उपलव्ध गराइनेछ ।

## १२. कर्जा तथा अन्य विविध प्रावधानहरु

१२.१ सहकारी वा निजी वा सार्वजनिक निजी साझेदारी स्वामित्वमा निर्माण हुने लघु तथा साना जलविद्युत, सौर्य मिनीग्रिड, सौर्य वायु मिश्रित मिनीग्रिड वा अन्य नवीकरणीय ऊर्जा प्रणालीका आयोजना निर्माणका लागि वित्तिय समापन गर्दा कूल लागतको करीब ३० प्रतिशत कर्जा लिन प्रोत्साहन गरिनेछ ।

१२.२ नवीकरणीय ऊर्जामा वित्तीय संस्थाहरुको कर्जा लगानी बढाउन प्रोत्साहन गर्न केन्द्रीय नवीकरणीय ऊर्जा कोष अन्तर्गत कर्जा प्रवाह तथा कर्जाको प्रत्याभूतिका लागि संस्थागत कर्जा प्रवाह संयन्त्र निर्माण गरिएको छ । उक्त कोष मार्फत सरल कर्जा र अनुदान दुबै प्रवाह गरिनेछ ।

१२.३ घरायसी वायोग्यास प्लान्ट जडानको लागि किसान तथा निर्माणकर्ता व्यवसायीहरुलाई कोषमा रहेको सञ्चित रकम, कार्बन आम्दानी वा अन्य स्रोतबाट नेपाल सरकारको कृषि कर्जा कार्यक्रम सरहको सहुलियत दरको कर्जा उपलब्ध गराइनेछ ।

१२.४ घरायसी नवीकरणीय ऊर्जा प्रविधिहरु खासगरी घरेलु सौर्य विद्युत प्रणाली, वायोग्यास, फलामे सुधारिएको चुल्हो फलामे रकेट चुल्हो आदिको हकमा हरेक आर्थिक बर्षमा आपूर्तिकर्तालाई जिल्ला वा भौगोलिक क्षेत्रको मागको आधारमा प्रति इकाइ लागत मुल्य निर्धारण गरी सो को आधारमा मान्यता प्राप्त कम्पनी मार्फत उपभोक्तालाई अनुदान उपलव्ध गराइनेछ । तर उक्त अनुदान यस नीतिको सम्बन्धित प्रविधि सम्बन्धी बुँदामा उल्लिखित भन्दा बढी हुने छैन ।

१२.५ नवीकरणीय ऊर्जा प्रविधिको न्यून विकास भएको क्षेत्रमा विश्वव्यापी ऊर्जाको पहुँचलाई सुनिश्चित गर्न र लक्षित वर्ग, प्रकोप पिडित वा ऊर्जाको कम प्रवर्द्धन भएको क्षेत्रमा रहेका घरायसी उपभोक्तामा ऊर्जा सेवाको न्यूनतम आधारभूत आवश्यकतालाई सुनिश्चित गर्न, नेपाल सरकारको लक्ष्य पूरा गर्न, विशेष क्षेत्र वा जिल्लाहरुमा केन्द्रको ६० देखि ७० प्रतिशत अनुदान र प्रदेश सरकार वा स्थानीय तह वा अन्य संघसंस्थाको २० देखि ३० प्रतिशत लगानी र उपभोक्ताको १० प्रतिशत लगानी हुने गरी लागत साझेदारीमा सार्वजनिक खरिद प्रक्रियाद्वारा प्रतिस्पर्धा (रिभर्स अक्सन) वाट कम लागतमा प्रविधि जडान गरिनेछ ।

१२.६ समुदाय वा निजी क्षेत्रले व्यवस्थापन गर्ने विभिन्न नवीकरणीय ऊर्जा प्रणाली तथा आयोजनाहरुलाई अनुदान उपलव्ध गराइनेछ ।

१२.७ मान्यता प्राप्त निजी कम्पनीहरु मार्फत आपूर्ति र जडान गरिएका नवीकरणीय ऊर्जा प्रविधि वा प्रणालीमा ग्रामीण घरपरिवार वा समुदायलाई अनुदान रकम उपलव्ध गराइने हुँदा त्यस्तो अनुदान भुक्तानीमा कुनै कर लाग्ने छैन । तर अनुदान वाहेकको रकम उपभोक्ता आफैले व्यहोर्नुपर्ने हुँदा प्रचलित कानून वमोजिम त्यस्तो रकममा कर लाग्नेछ ।

१२.८ बजारमा आउने उच्च गुणस्तरीय प्रविधिका सामानहरुलाई महत्व दिँदै ती सामानहरुको परीक्षण र प्रमाणीकरण गरी थप सबलीकरण गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको भूमिका रहनेछ । साथै नवीकरणीय ऊर्जा प्रणालीमा प्रयोग भैसकेका लिड एसिड ब्याट्रीको व्यवस्थापन गर्न उपयुक्त संस्थागत क्षमताको विकास गर्न समेत केन्द्रको भूमिका रहनेछ ।

१२.९ शहरी क्षेत्रमा इन्भरर्टर राख्ने घर तथा प्रतिष्ठानहरुले अनिवार्य रुपमा सौर्य ऊर्जा प्रविधि जडान गर्नुपर्नेछ ।

१२.१० शहरी क्षेत्रका महत्वपूर्ण व्यापारिक, आवासीय तथा सार्वजनिक निकायहरूमा सौर्य ऊर्जाबाट विद्युत आपूर्ति गर्न नँया निर्माण हुने घरहरूमा न्यूनतम रूपमा अत्यावश्यक ऊर्जाको व्यवस्था नवीकरणीय ऊर्जा स्रोतबाटै जुटाउन प्रोत्साहित गरिनेछ ।

१२.११ निजी तथा सार्वजनिक प्रतिष्ठानहरुले उच्च क्षमताको विद्युत शक्ति उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनबाट नियमीत रुपमा विद्युत उपलव्ध भएको अवस्था र कानूनी तथा प्राविधिक रुपमा ग्रीडमा जोड्ने (सिङ्क्रोनाइजेसन) गर्न सक्ने अवस्थामा उपयुक्त मूल्य प्रणालीको आधारमा ग्रीडमा जोड्नु पर्नेछ ।

## १३. संस्थागत व्यवस्था

यस नीति कार्यान्वयनको लागि देहाय वमोजिमको संस्थागत व्यवस्था गरिनेछ ।

१३.१ केन्द्रमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले प्राविधिक सहयोग उपलव्ध गराउने, विभिन्न नवीकरणीय ऊर्जा प्रणाली एवं आयोजनकाको अनुदान सम्वन्धी आवेदन तथा कागजातको मूल्यांकन, नवीकरणीय ऊर्जा सम्वन्धि सामान तथा उपकरण उत्पादन, आपूर्ति, जडान सम्वन्धी कम्पनीहरुको छनौट, जडित प्रणालीहरुको अनुगमन, प्रविधिमा प्रयोग हुने सामान तथा उपकरणहरुको गुणस्तर निर्धारण आदि कार्य गर्नेछ ।

१३.२ अनुदान रकम परिचालनको लागि केन्द्रमा एक केन्द्रीय नवीकरणीय ऊर्जा कोष रहेको छ । कोषको व्यवस्थापन प्रतिस्पर्धाको आधारमा नेपाल सरकारले तोकेको “क” वर्गको कुनै एक वाणिज्य वैंक मार्फत गरिनेछ ।

१३.३ स्थानीय स्तरमा स्थानीय तहले प्रविधिको प्रवर्द्धन, माग सृजना, स्थलगत अनुगमन तथा अनुदान परिचालन कार्यविधिमा भए अनुसारका नवीकरणीय ऊर्जा प्रविधिमा अनुदान परिचालन गर्नेछन् ।

## १४. अनुगमन तथा मूल्यांकन

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले त्रैमासिक तथा वार्षिक रुपमा नवीकरणीय ऊर्जा प्रणाली एवं आयोजनको स्थलगत अनुगमन गर्नेछ भने, प्रत्येक २ वर्ष वा आवश्यकता अनुसार स्वतन्त्र तेश्रो पक्षवाट अनुदानको प्रभाव, जडान भएका नवीकरणीय ऊर्जा प्रणाली तथा आयोजनाहरुको स्थलगत निरीक्षणको लागि अनुगमन तथा मूल्यांकन गरिनेछ । स्थानीय स्तरमा स्थानीय तहबाट समेत स्थलगत अनुगमन गरिनेछ ।

## १५. भुकम्प प्रभावित क्षेत्रको लागि विशेष अनुदान सम्बन्धी व्यवस्था

भुकम्पवाट अति प्रभावित १४ जिल्लाहरुका भुकम्प प्रभावित घरपरिवारको लागि देहाय वमोजिमको अनुदान रकम उपलव्ध गराइनेछ ।

१५.१ घरेलु सौर्य विद्युत प्रणाली अन्तर्गत २० वाट पिक क्षमताको लागि प्रतिघरधुरी कूल लागतको ७५ प्रतिशतमा नवढनेगरी रु. ८,००० प्रति घरधुरी र २१ देखि ५० वाटपिक क्षमता भन्दा वढीको लागि ७० प्रतिशतमा नवढने गरी रु. १०,००० सम्म । तर १० वाट पिक क्षमताको घरेलु सौर्य विद्युत प्रणाली र सुधारिएको फलामे चुलोमा निजी कम्पनीबाट प्रतिस्पर्धा (रिभर्स अक्सन) वाट कम लागतमा प्रविधि जडान गरिनेछ ।

१५.२ घरायसी वायोग्यास प्लान्टमा ४ घ.मी. क्षमताको प्लान्टमा पहाडी क्षेत्रमा कूल लागतको ७० प्रतिशतमा नवढने गरी रु. ४०,००० सम्म र ६ घ.मी. क्षमताको प्लान्टलाई ७० प्रतिशतमा नवढने गरी रु. ४५,००० सम्म । त्यसैगरी, तराई क्षेत्रमा ४ घ.मी. क्षमताको प्लान्टमा कूल लागतको ७० प्रतिशतमा नवढने गरी रु. ३५,००० सम्म र ६ घ.मी. क्षमताको प्लान्टलाई ७० प्रतिशतमा नवढने गरी रु. ४०,००० सम्म ।

१५.३ फलामे सुधारिएको चुलोको लागि कूल लागतको ८० प्रतिशतमा नवढनेगरी रु. ८,००० सम्म ।

माथि जुनसुकै कुरा उल्लेख भए तापनि भुकम्प आउनु भन्दा अगाडी नवीकरणीय ऊर्जा प्रणाली वा आयोजनामा अनुदान रकम लिइसकेको र प्रणाली वा आयोजना पूर्ण क्षति भएको घरधुरीको हकमा माथि उल्लेखित अनुदान रकमको ५० प्रतिशत मात्र अनुदान रकम उपलव्ध गराइनेछ ।

## १६. अनुदान परिचालन कार्यविधि तथा अन्य प्रावधानहरु

१६.१ अनुदान वितरण कार्यलाई अनुसार सरल, प्रभावकारी र पारदर्शी ढङ्गबाट विभिन्न नवीकरणीय ऊर्जा प्रविधि वा प्रणालीहरु तथा उत्पादनशील परिप्रयोगका लागि अनुदान उपलब्ध गराउन यस सम्बन्धी नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधिलाई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले तयार गरी मन्त्रालयबाट स्वीकृत गरी लागू गरिनेछ । उक्त अनुदान परिचालन कार्यविधिमा विभिन्न नवीकरणीय ऊर्जा आयोजना तथा प्रणालीहरुको विस्तृत सम्भाव्यता अध्ययनको लागि उपलब्ध गराइने आर्थिक सहायताको अतिरिक्त प्राविधिक मापदण्ड तथा डिजाइन, अनुगमन तथा मूल्याङ्कन र दण्ड जरिवाना, विक्री पछिको सेवा शूल्क आदि समेतको व्यवस्था गरिनेछ ।

१६.२ विभिन्न नवीकरणीय ऊर्जा प्रविधि एवं प्रणालीको लागि यस नीतिमा उल्लेखित अनुदान रकम अनुदान परिचालन कार्यविधिमा व्यवस्था भए अनुरुप परिचालन गरिनेछ ।

१६.३ नवीकरणीय ऊर्जाको लागि अनुदानको निर्धारण गर्दा दुर्गमता तथा यातायातको पूर्वाधारको अभावलाई विचार गरी मुख्यतः भौगोलिक क्षेत्रको वर्गीकरणको आधारमा गरिनेछ । भौगोलिक क्षेत्रको वर्गीकरणले सामान एवं उपकरण ढुवानीको लागि उपलव्ध हुने थप अनुदानले दुर्गमतालाई सम्वोधन गर्दछ भने मन्त्रालयले आवश्यकता अनुसार अनुसूची-१ मा उल्लेखित वर्गीकरणलाई पुनरावलोकन तथा संशोधन गर्न सक्नेछ ।

१६.४ आवश्यकता अनुसार वा प्रत्येक २ वर्षमा माथि उल्लेखित अनुदानको दरलाई पुनरावलोकन गरिनेछ ।

## १७. खारेजी

नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ खारेज गरिएको छ। उक्त नीति बमोजिम भए गरेका कार्यहरु यसै नीति बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

| क्र. सं | जिल्ला | "क" वर्गमा पर्ने अति दुर्गम क्षेत्रहरु | "ख" वर्गमा पर्ने दुर्गम क्षेत्रहरु | "ग" वर्गमा पर्ने सुगम क्षेत्रहरु |
|---|---|---|---|---|
| १ | सोलुखुम्बु | खुम्जुङ्ग, नाम्चे, चौरीखर्क, जुभिङ्ग, छेस्काम, बुङ्ग, गुदेल, वाकु, सोताङ्ग | केरुङ्ग, तापतिङ्ग, मावे, चौलाखर्क, गोली, टाकासिन्धु, वेनी, लोदिङ्ग, तामाखानी, सल्लेरी, काकु, बासा, जुवु, पानचन, काँगेल, मुकली, देउसा, गार्मा, नेचावेतघारी, नेचावतासे, सल्यान, तिङ्गला, भकान्जे, लोखिम, गोराखानी, नेले | यसमा उल्लेखित जिल्लाहरुका "क" र "ख" वर्गमा नपरेका क्षेत्रहरु र बाँकी जिल्लाहरुका सम्पूर्ण क्षेत्रहरु |
| २ | मनाङ्ग | ध्यारु, पिसाङ्ग, भ्रका, खाङ्गसार, मनाङ्ग, तांकीमनाङ्ग, नार, फू | थोचे, धारापानी, चामे, वगरचाप | |
| ३ | मुस्ताङ | धामी, चराङ, लोमानथाङ, छोण्डुप, छोसेर, सुरखाङ | कागवेनी, छुसाङ, मुक्तिनाथ, लेते, मार्फा, कुन्जो, झोङ, कोवाङ, टुकुचे, जोमसोम | |
| ४ | रुकूम (पूर्वी भाग) | सम्पूर्ण क्षेत्रहरु | | |
| ५ | रुकुम (पश्चिम भाग) | सम्पूर्ण क्षेत्रहरु | | |
| ६ | डोल्पा | सम्पूर्ण क्षेत्रहरु | | |
| ७ | मुगु | सम्पूर्ण क्षेत्रहरु | | |
| ८ | हुम्ला | सम्पूर्ण क्षेत्रहरु | | |
| ९ | जुम्ला | सम्पूर्ण क्षेत्रहरु | | |
| १० | कालीकोट | सम्पूर्ण क्षेत्रहरु | | |
| ११ | ताप्लेजुङ्ग | ओलाङ्गचुंगोला, पापुङ्ग, याम्फुदिन, लेलेप | इखावु, थापेथोक | |
| १२ | संखुवासभा | पावाखोला, हटिया, चेपुवा, नुम, किमाथान्का, सिसुवा, वाला, मकालु, माङ्गतेवा, याफु, ताम्फु, पाथीभारा | दिदिङ्ग | |
| १३ | दोलखा | विगु, आलम्पु, गौरीशंकर, लामाबगर | खारे, मार्वु, ओराङ्ग, चिलङ्का | |
| १४ | रसुवा | थुमन, टिमुरे, लाङ्गटाङ्ग, चिलिमे | वृदिम, हाकु, गत्लाङ्ग, गोलजुङ्ग | |
| १५ | गोरखा | ल्हो, सामागाउ, प्रोक, विही, चुनचेत, छेकम्पार | सिर्दिवास, उइया, केरौजा, काशीगाउँ, मान्वु, लाप्राक, गुम्दा, लापु, खोर्ला | |
| १६ | रोल्पा | सम्पूर्ण क्षेत्रहरु | | |
| १७ | अछाम | सम्पूर्ण क्षेत्रहरु | | |
| १८ | सिन्धुपाल्चोक | गुम्बा, फुलपिङ्गकटी, तातोपानी | | |
| १९ | धादिङ्ग | लापा, तिप्लिङ्ग | | |
| २० | जाजरकोट | सम्पूर्ण क्षेत्रहरु | | |
| २१ | दैलेख | सम्पूर्ण क्षेत्रहरु | | |
| २२ | बाजुरा | सम्पूर्ण क्षेत्रहरु | | |
| २३ | बझाङ्ग | सम्पूर्ण क्षेत्रहरु | | |
| २४ | दार्चुला | सम्पूर्ण क्षेत्रहरु | | |